# शिक्षामा पहुँच

नेपाल ग्रामीण पुनर्निर्माण संस्था/बालबालिकाका लागि शिक्षा पहुँच कार्यक्रमको अर्ध-वार्षिक प्रकाशन (संख्या ३, जेठ-मंसीर २०६८)

## जिल्ला स्तरीय कार्यक्रम प्रगति समीक्षा गोष्ठीहरू सम्पन्न

नेपाल ग्रामीण पुनर्निर्माण संस्थाद्वारा युरोपियन यूनियनको सहयोगमा सञ्चालित बालबालिकाका लागि शिक्षा कार्यक्रमको झण्डै २ वर्षसम्म भएका क्रियाकलापको जिल्ला स्तरीय सरोकारवालाहरूसँग कार्यक्रम प्रगति समीक्षा गरियो ।

कार्यक्रममा विविध विषय तथा कार्यक्रमको वस्तुनिष्ठ ढङ्गले समीक्षा गरिएको थियो । शिक्षा क्षेत्रको नीतिगत त्रुटीदेखि विद्यालयसम्मका तहगत रूपमा नीति, कार्यक्रम र कार्यान्वयन विषयमा सबैको चासो देखिएको थियो । विद्यालय क्षेत्र सुधार कार्यक्रम र आरआरएनको कार्यक्रमको तादम्यता र समन्वयका बारेमा विशेष रूपमा ध्यानाकर्षण गरिएको थियो । बालविकास, शिक्षाको अवसरबाट बञ्चित बालबालिकालाई विद्यालय ल्याउने प्रयास, छात्रवृत्ति, सामुदायिक अध्ययन केन्द्रहरूको भौतिक तथा व्यवस्थापन सहयोग उपलब्ध गरिएको थियो । जसबाट विद्यालय तथा सामुदायिक अध्ययन केन्द्रहरूलाई कम्प्युटर र इन्टरनेटको सुविधाले गाउँमै सूचना र संचारको सुविधा उपलब्ध भएको छ । विद्यालयमा पुस्तकालय र शैक्षिक सामग्रीहरूको सहयोग र इन्टरनेटको सुविधाले गर्दा पठनपाठनमा गुणस्तर बृद्धि गर्न सफल हुँदै गएको उल्लेख गरिएको थियो ।




*परियोजनाको जिल्लास्तरीय प्रगति समीक्षा गोष्ठी (दोलखा)*

यी गोष्ठीहरू तीनवटै जिल्लाका जिल्ला सदरमुकामहरूमा सम्पन्न भएका थिए । कार्तिक ३० गते रामेछापको मन्थली, मङ्सिर ४ गते देलखाको चरिकोट र मङ्सिर १२ गते सिन्धुपाल्चोकको चौतारामा सम्पन्न भएका थिए । कार्यक्रममा प्रमुख अतिथि सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू थिए भने अतिथिहरूमा स्थानीय विकास अधिकारी, जिल्ला शिक्षा अधिकारी, बाल कल्याण समिति, महिला विकास लगायत शिक्षा क्षेत्रमा काम गर्ने जिल्लास्तरीय सरकारी र गैरसरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरू थिए । प्रगति समीक्षा कार्यक्रमहरूको दुई जिल्ला रामेछाप र दोलखाको सभाध्यक्ष आरआरएनका केन्द्रीय कार्यालय काठमाण्डौका कार्यक्रम व्यवस्थापक भानु पराजुलीले गरेका गर्नुभयो भने सिन्धुपाल्चोकको साझेदार संस्था चाइल्ड नेपालका अध्यक्ष कृष्ण सुवेदीले गर्नुभयो ।

एकीकृत कार्यक्रमले सफलता पाउँछ भन्ने उदाहरण दोलखाको झुले गाविसमा आरआरएनले संचालन गरेका दुई कार्यक्रम शिक्षा र महिला सशक्तिकरण परियोजनाबाट नमूनाको काम भएको कुरा पनि व्यक्त भएको थियो ।

कार्यक्रममा दोलखाका प्रजिअ गणेश प्रसाद भट्टराई, स्थानीय विकास अधिकारी गोपालप्रसाद पराजुली, जिल्ला शिक्षाका गोविन्द सेढाइँ, रीता रिमाल, हर्कमान पाखिन, रविचन्द्र आर्चाय, यज्ञ ब. खत्री, तारा कार्की, गुणराज, रामप्रसाद भण्डारी, सुन्दर बुढाथोकी, उमेश कार्की, सोमनाथ, नारायणप्रसाद आदिले बोल्नुभएको थियो । रामेछापमा


**यस अंकमा**

- **कुशल र सिर्जनशील नागरिक उत्पादनका लागि गुणस्तरीय शिक्षा**
- **गुणस्तरीय शिक्षाका लागि विद्यार्थीको भूमिका**
- **सामुदायिक अध्ययन केन्द्रः सबैलाई जोड्ने थलो**
- **प्रतिबिम्बमा तेर्से माध्यमिक विद्यालय**
- **साथमा अन्य नियमित स्तम्भहरू**

जिल्ला प्रशासनका दिपक सुवेदी, जिविसका विनोद पोखरेल, सहायक जि.शि.अ. हेमन्त बुढाथोकी, राजनीतिक पार्टीका प्रतिनिधिहरू तुलाप्रसाद कँडेल, कमार श्रेष्ठ, गैससका मिलन घिसिङ, संचारकर्मी बद्री नयाँघरे, दिपक कार्की, महिला विकासकी शारदा बिजुक्छे, झमक कँडेल, शिवराज श्रेष्ठ, बाबुकृष्ण पन्त, कविन्द्र तामाङ आदिले बोल्नुभएको थियो । सिन्धुपाल्चेकमा प्र.जि.अ. कमलमणि काफ्ले, स्था.वि.अ. प्रेमप्रकाश उप्रेती, जि.शि.का.का बद्री पौडेल, जि.ज.स्व.का. का कृष्ण विजार, भरत नेपाल, सुरेश श्रेष्ठ, सूर्यमान दोङ, ऋषिराम पौडेल, नवराज सिंह, राजकुमार लम्साल लगायतले बोल्नुभएको थियो । कार्यक्रमको उद्धेश्यमाथि शिक्षा कार्यक्रमका व्यवस्थापक पराजुलीले प्रकाश पार्नुभएको थियो । उक्त तीन जिल्लाका समीक्षा गोष्ठिहरूमा १२३ जनाको उपस्थिति मध्ये महिलाको संख्या २७ रहेको थियो । गोष्ठीमा शिक्षक, विद्यालय व्यवस्थापन समिति, गाउँ शिक्षा समिति, सामुदायिक अध्ययन केन्द्र, नागरिक समाज, बाल क्लब, शिक्षक अभिभावक संघ-संगठनका प्रमुख तथा प्रतिनिधिहरू, सरकारी तथा गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिहरू, सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

स्मरण रहोस्, यी तीन जिल्लाका १५ गाविसहरूमा शिक्षा कार्यक्रम सञ्चालनमा रहेको छ ।

## गुणस्तरीय शिक्षाको लागि विद्यार्थीको भूमिका

**–विकास लामा**

कक्षा: १०, श्री कालिदेवी उमावि, फूलासी-८, रामेछाप

आजको २१ औं शताव्दीमा आधुनिक जगतले अर्के मोड लिएको छ । समयको गतिसँगै विभिन्न अन्वेषण, आविष्कार तथा अनुसन्धानबाट गुणस्तरीय शिक्षाको भूमिका बढ्दै गएको छ । गुणस्तरीय शिक्षाका लागि विद्यार्थीको भूमिका पनि अन्योन्याश्रित रहेको छ । यी दुई शव्दहरू एउटै पाटाका सिक्का हुन् । यी दुवैको तादात्मयताबाट मात्र गुणस्तरी शिक्षाको विकास हुन्छ । गुणस्तरीय शिक्षाको लागि अन्य पक्षहरूको जति महत्व रहेको छ, विद्यार्थीहरूको भूमिका पनि यसमा त्यति नै महत्वपूर्ण रहन्छ ।

गुणस्तरीय शिक्षाको लागि विद्यार्थीको समेत प्रभावकारी सहभागिताको आवश्यकता हुन्छ । विद्यार्थी नै राष्ट्रका कर्णधार भएकाले उनीहरूमा हरेक कुराको ज्ञान पर्याप्त मात्रामा हुनु पर्दछ । आजको आधुनिक युग झन् झन् प्रतिस्पर्धात्मक हुँदै गएको छ । त्यसैले गर्दा यस युगमा विद्याथीका चुनौतीहरू पनि त्यहीं रूपमा बढेर गएको छ । कुन ठाउँ, कुन जिल्ला, कुन देशमा शिक्षाको स्तर कस्तो छ भन्ने कुरा हाम्रो त्यस ठाउँका विद्यार्थीको प्रतिस्र्धात्मक क्षमता कस्तो रहेको छ भन्ने कुराबाट थाहा पाउन सकिन्छ ।

आजको युग ज्ञान, सूचना र प्रविधिको युग हो । तसर्थ यस युगमा व्यवहारिक, जीवनपयोगी र प्रयोगात्मक शिक्षालाई महत्व नदिई कोरा सैद्धान्तिक शिक्षालाई महत्व दिइनु हाम्रो देशको गलत शैक्षिक नीति बनेको छ । तसर्थ शैक्षिक नीतिको तर्जुमा गर्दा अभिभावक, शिक्षक, राजनीतिज्ञका साथै विद्यार्थीहरूको सहभागिता आवश्यक छ । आजको सामाजिक जनजीवनलाई आधुनिकीकरणले तीब्र रूपमा प्रभाव पारिरहेको कुरा सबैलाई अवगत नै छ । यसकारण नयाँ नयाँ चुनौतिहरू पनि थपिदै गएको छ । यस्ता नयाँ चुनौतिहरूलाई सामना गर्न सक्ने सामर्थ्य विद्यार्थीहरूमा गुणस्तरीय शिक्षाबाट मात्र हासिल गर्न सकिन्छ । आधुनिक समाजका लागि आवश्यक पर्ने जनशक्ति, पाइलट, वैज्ञानिक, डाक्टर, इन्जिनियर आदि आजका विद्यार्थीहरू नै हुन् । गुणस्तरीय शिक्षाको अभावमा यस्तो जनशक्तिको निर्माण असम्भव हुन्छ । आम विद्यार्थीले गुणस्तरीय शिक्षातर्फ जोड दिदैं गइरहेको भएता पनि देशका दूर दराजका विद्यालयहरूमा गुणस्तरीय शिक्षा उपलब्ध हुन सकिरहेको छैन । शहर र गाउँ, सरकारी र निजी तथा धनी र गरीबले पाउने शिक्षा विभेदपूर्ण रहेको छ । गुणस्तरीय शिक्षा प्राप्त गर्नु सबै बालबालिकाको आधारभूत अधिकार भएको हुनाले राज्यको नीति निर्माण गर्नेले ठोस कानून बनाई राज्यमा विभेदरहित गुणस्तरीय शिक्षाको व्यवस्था गर्न अत्यावश्यक छ ।

आजका विद्यार्थीले विश्वव्यापि प्रतिस्पर्धामा भाग लिनु पर्ने भएकोले उसले त्यो क्षमता हासिल गर्न गुणस्तरीय शिक्षामाथि उसको पहूँच अनिवार्य छ । उसमा हरेक पक्षहरूमा जानकारी भएर पनि हुदैन । आजको संसारलाई डोऱ्याउन सक्ने प्रतिभा निर्माणमा गुणस्तरीय शिक्षाको खोज गर्नु हरेक विद्यार्थीको प्रमुख उत्तरदायित्व हो । आजका विद्यार्थीले अशान्ति धार्मिक असहिष्णुता, भ्रष्टाचार, द्वन्द्व र सामाजिक विकृति र विसंगतिहरू जस्ता सम्पूर्ण समस्याहरूलाई समाधान गर्न सकेमा मात्रै विश्वकै विकास सम्भव छ भन्ने धारणा लिन आवश्यक देखिन्छ । विद्यार्थीले पुरानो शिक्षा पद्धतीबाट भन्दा आधुनिक पद्धतिअनुसार प्रयोगात्मक र व्यवहारिक शिक्षालाई जोड दिनुपर्ने स्थिति छ । विद्यालयमा विद्यार्थी र शिक्षक बीचको सुमधुर सम्बन्धका साथै शैक्षिक गतिविधिहरूमा बालक्लबहरूको सकृय सहभागिता तथा परिचालनबाट गुणस्तरीय शिक्षा अभिबृद्धिमा टेवा पुग्दछ ।

*(आरआरएनको सहयोगमा आयोजित निबन्ध प्रतियोगितामा प्रथम पुरस्कार प्राप्त निबन्ध)*

# कुशल र सिर्जनशील नागरिक उत्पादनका लागि गुणस्तरीय शिक्षा



- **टंकप्रसाद उप्रेती,** जिल्ला संयोजक, आरआरएन, दोलखा

शिक्षाको विकास नै मानव विकासको आधारशीला हो, जसले मुलुकको समग्र विकासको पूर्वाधार तयार गर्छ । देश विकासको लागि शिक्षित, सिर्जनशील र असल नागरिकको आवश्यकता पर्दछ । असल र सिर्जनशील नागरिक तयार गर्दा बालबालिका केन्द्रित शिक्षा प्रणाली आवश्यक छ । प्रारम्भिक चरणमा घरको वातावरण, मातापिताको बानी व्यवहार, मायाममता, सिकाइ, भोगाइ, प्रेरणा र अवसर पर्दछन् भने दोस्रो चरणमा विद्यालयको वातावरण, शिक्षक विद्यार्थी बीचको मैत्रीपूर्ण सम्बन्ध, शिक्षण सिकाई गतिविधिबाट सैद्धान्तिक, प्राविधिक र व्यवहारिक ज्ञान, सीप आदि पर्दछन् । तेस्रो चरणमा, समाज र मुलुकका सामाजिक अवसर र भोगाईहरूले प्रभाव पार्दछन् । समाजमा देखेको, सुनेको र व्यवहारमा भोगेको, समान अवसर तथा सामाजिक परिवेश र त्यो परिवेशमा हुर्कदा बढ्दा घटित घटनाबाट नै बाल अवस्थादेखि बयष्क हुंदासम्म सिक्ने सिकाई र प्राप्त अवसरले नै असल र सिर्जनशील नागरिक बनाउन मद्दत गर्दछ । जसका लागि आधारभूत शिक्षादेखि नै शिक्षाको गुणस्तर हुन जरुरी छ । तसर्थ यतिबेला खड्केको छ भने त्यो हो शिक्षालाई गुणस्तरीय कसरी बनाउने । गुणस्तरीय शिक्षाका आधारभूत मान्यताहरू के हुन्? मापदण्डहरू के हुन्? के कस्तो खालको जनशक्ति उत्पादन गर्ने शिक्षा गुणस्तरीय हो ? भन्ने बारेमा बहस हुन जरुरी छ ।

गुणस्तरीय शिक्षा र यसका मापदण्डहरू समय सापेक्ष हुन्छन् । समाजको गतिशिलता, त्यस समाजले लिने शिक्षण सिकाई, प्रविधि र सुबिधाका आधारमा शिक्षाको गुणस्तर विकास हुने गर्दछ । यसर्थ त्यसको लागि आफु अनुकुलको निश्चित मापदण्ड तयार गर्नुपर्छ । यसको सकारात्मक विकास भएमा बहुसंख्यक जनसंख्यामा देखा पर्ने नागरिक नैतिक अनुशासन, ईमान्दारिता, बौद्धिकता, प्रतिबद्धता, व्यवहारिक ज्ञान, सीप, सकारात्मक धारणा भएका असल नागरिकको संख्यामा बृद्धि हुन आउँछ । तर यसको विपरित यी माथि उल्लेख गरिएका कुराहरूमा ह्रास आउँदै गयो भने असल भन्दा कमसल नगरिकहरूको बाहुल्यता हुन जान्छ, जसले राष्ट्रले चाहे जस्तो मानवीय संसाधनको व्यवस्था गर्न सक्दैन । व्यक्तिमा नैतिक मूल्य मान्यताको अनिकाल पर्दै गएपछि समाजमा आफ्नो स्वार्थको लागि जस्तासुकै अस्वस्थ्य प्रतिष्पर्धा, व्यक्तिगत स्वार्थ, लोभ, पाप, अपराधिक गतिविधि बढ्दै जान्छन् । तसर्थ गुणस्तरीय शिक्षामा सुधार नै एउटा यस्तो दरिलो हतियार हो, जसले समाज रुपान्तरणमा ठूलो प्रभाव पार्दछ । हामी सबै आफ्ना छोराछारी पढाउने विद्यालय छनौट गर्दा गुणस्तर भएको विद्यालय छनौट गर्न इच्छा राख्दछौं । तर हाम्रा अभिभावकहरू मध्ये केही आफ्ना बालबालिका विद्यालय पठाउँन सक्नु नै मात्र पनि ठूलो कुरा हो भन्ने अवस्थामा छन् । एकथरी विद्यालय पठाएर अलि अलि चासो राख्ने छन् । अर्को थरी आफ्नो औकात अनुसारको गुणस्तर भएको विद्यालय छनौट गरी आफ्ना छोराछोरी भर्ना गर्ने गर्दछन् । यी सबै कुराहरूको प्रमुख कारण अभिभावकको चेतना र उसको आर्थिक अवस्था हो भने अरु सहायक कुराहरू आ-आफ्ना संगत, अनुकुलता, वातावरण, आदिमा भर पर्दछ । वास्तवमा शिक्षाको गुणस्तर के हो? हालका दिनहरूमा शिक्षा क्षेत्रमा जसले पनि भन्ने गरेको कुरा हो गुणस्तरीय शिक्षा । गुणस्तरका सम्बन्धमा हालसम्म कुनै शिक्षाविदले किटानी गरेर मापन गर्न सक्ने आधारहरू निश्चित गरेको पाईंदैन । तर यसको एउटै परिभाषा सबको लागि प्रयाप्त नहुन सक्छ र हुदैन पनि । यो सापेक्षतामा आधारित हुन सक्छ । त्यसैले यसको बनी बनाउ एउटै परिभाषा छैन । तर पनि सामान्यतया निम्न अवस्था विद्यमान भएमा पक्कै त्यस्ता विद्यालयहरूको गुणस्तर राम्रो हुन सक्छ भन्ने अनुमान सहजै गर्न सकिन्छ -

- एउटा विद्यालयले आफ्नो क्षेत्र भित्रका विद्यालय उमेर समूहका बालबालिकाहरूले औषत भन्दा बढी वा अझ उच्चतम अकं ल्याई कक्षा अनुसारको क्षमता हाँसिल गरी परीक्षामा उत्तीर्ण गर्न सक्ने हुनु,
- आफ्ना विद्यालयमा पढेका विद्यार्थीहरूले औषत स्तरभन्दा माथि रहेर अन्य विद्यालयका विद्यार्थीहरूसँग प्रतिस्पर्धा गर्न सक्ने हुनु,
- विद्यालयको भौतिक सुधार भवन, कोठा, फर्निचर, प्रयोगशाला, चमेनागृह, खेल सामग्री, खेल मैदान आदिको व्यवस्थापन उपलब्ध गराउन सकेको हुनु,
- आफ्नो विद्यालयमा विद्यार्थीहरूलाई कक्षा छोड्ने र दोहोर्‍याउनेको संख्या अत्यन्तै न्यून हुनु,
- विद्यालयमा पढाउनभन्दा विद्यार्थी केन्द्रित, बालमैत्री शिक्षण सिकाई पद्धतिबाट सिकाउन सफल भएका शिक्षकको समूह बढी हुनु,
- स्थानीय सरोकारवालाहरूलाई यो हाम्रो विद्यालय हो भन्ने अनुभूति हुनु,

- विद्यालयको क्षमता विकास गर्न अभिभावकको संलग्नता बढेको हुनु,
- राम्रो काम गर्ने शिक्षककहरूलाई प्रोत्साहित र नराम्रो काम गर्नेलाई कारबाही जरिवाना लागुगर्ने परम्परा बसालेको हुनु,
- विद्यालयलाई आत्मनिर्भर बनाउन अस्थायी र स्थायी स्रोतको उचित व्यवस्थापन भएको हुनु,
- स्थानीय स्तरमा रहेका प्राविधिक सिपको उपयोग गरिएको शैक्षिक क्षेत्रका अनुभवी व्यक्तिहरूको परामर्श लिने गरेको, महिला शिक्षिका समावेशी शिक्षककहरूको संख्या बढदै गएको हुनु,
- विद्यालयमा आ-आफ्नो जिम्मेवारी बाँढफाड गरी सोही अनुसार कार्यान्यवन भएको हुनु,
- विद्यालयको आम्दानी खर्चको विवरण अभिभावहरूलाई बार्षिक रूपमा सार्वजनिक गरेको हुनु,
- विद्यालयमा विद्यार्थी, शिक्षक, बि.व्य.स., अभिभावक बिचको प्रगति, उपलब्धि, समस्या, सिकाइ आदि बारे मासिक बैठक गरी लेखाजोखा गर्ने गरेको हुनु,
- विद्यालयको आवधिक तथा बार्षिक योजना बनाई आर्थिक तथा प्रशासनिक अनुशासन कायम गरी आ-आफ्नो जिम्मेवारी कार्यान्वयन गर्ने आदि ।

गुणस्तर भनेको पहिलाको अवस्थाभन्दा सुधारिएको अवस्था हो । मापनमा राखेर हेर्ने हो भने १०० प्रतिशत विद्यार्थी उर्तीण भए पनि ज्ञान र सीप कति प्राप्त गरे त्यसको मापन समेत गरी गुणस्तर सुधारको लेखाजोखा गर्नु उपयुक्त हुनेछ ।

पाठ्क्रमले तोकेको सिकाई उपलब्धि पूरा गरेको वा नगरेको, आफ्नो स्तर अनुसारको गुणस्तर कायम गरेको वा नगरेको, विद्यालय वा विद्यार्थीको गुणस्तरमा सुधार भएको वा नभएको आदि कुरा कसरी थाहा पाउने ? यसको सरल एउटा उपाय हो तुलना गर्ने । एउटा राम्रो विद्यालयको के के कुरा राम्रा भएर विद्यालय राम्रो भएको हो । हाम्रो विद्यालयमा के के राम्रो नभएर गुणस्तर कायम हुन नसकेको हो पत्ता लगाई सुधार गर्दै जाने र तुलना गर्दा समयको आधारमा पहिलाको भन्दा अहिले गुणस्तर सुधार भएको छ भन्न सकिन्छ ।

शिक्षाको गुणस्तर भनेको दिगो उपलब्धि कायम राख्न र उत्तरोतर प्रगतिको लागि निरन्तर प्रतिबद्ध भएर अग्रस्थानमा लागि रहने एउटा प्रक्रिया हो । नैतिक आचारणको विकास, राष्ट्रियताको भावना जागृत, वैदेशिक श्रम बजारमा आफ्नो ज्ञान सीपको प्रतिस्पर्धा, आन्तरिक स्वोरजगार बृद्धि गर्न सक्ने व्यावसायिकता विकास, बौद्धिक ज्ञान, प्राविधिक सीपको विकास र श्रमको सम्मान गर्ने शिक्षा र सकारात्मक सोचाईका साथ परिवर्तनकामी बनाउन उद्वेलित पार्ने प्रक्रिया नै गुणस्तरीय शिक्षा हो ।

## सामुदायिक अध्ययन केन्द्र सबैलाई जोड्ने थलो

**– उद्धवप्रसाद घिमिरे**
अध्यक्ष, श्री कुन्साङ गुम्बा सामुदायिक अध्ययन केन्द्र, गैरिमुदी

नेपाल सरकारको शिक्षा नीतिअनुसार गाविस स्तरीय सामुदायिक अध्ययन केन्द्रहरूलाई गाविसको समग्र विकासको स्रोत केन्द्रको रूपमा विकास गर्ने उद्धेश्यअनुरुप २०६४ चैत्रमा यस कुन्साङगुम्बा सामुदायिक अध्ययन केन्द्रको स्थापना गर्ने प्रक्रिया शुरु भई विधिवत रूपमा यो जिल्ला शिक्षा कार्यालय, दोलखामा २०६५ सालमा दर्ता भयो ।

अध्ययन केन्द्रको उद्धेश्य बृहत् भएता पनि शुरुमा यस केन्द्र महिला साक्षरता, आयआर्जन, सहकारीका माध्यमबाट बचत तथा ऋणको कारोबार थालनी गर्दै समुदायलाई आत्मनिर्भर बनाउन क्रियाशील भयो ।

यस अध्ययन केन्द्रमा २०६५ देखि २०६७ साल सम्ममा जम्मा १४ वटा साक्षरता कक्षाहरू सञ्चालन भए । दशवटा समूहहरू आयआर्जनका विभिन्न गतिविधिहरूमा संलग्न भए । परिणामस्वरुप कृषि, पशुपालन र सरसफाईमा परिवर्तन आएको छ । यसका साथै अध्ययन केन्द्रले बेला-बेलामा सांस्कृतिक कार्यक्रमहरूको आयोजना गरी समुदायमा चेतना अभिवृद्धि गर्ने प्रयासहरू थाल्यो ।

केन्द्रलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न स्रोतको अभाव भइरहेका बेला दोलखा जिल्लामा आरआरएनको आगमन भएपछि सहज बन्न थाल्यो । आरआरएनको शिक्षा कार्यक्रमले गुणस्तर बृद्धि गर्न दलित, जनजाति, न्यून आय भएका अभिभावकका छोरा-छोरीलाई छात्रावृत्ति, विद्यालय र स्रोत केन्द्रको पूर्वाधार, फर्निचरदेखि पुस्तकालय, कम्प्युटर, प्रिन्टर सहित इन्टरनेटको सुविधा जोडिएपछि अध्ययन केन्द्र गाविसकै स्रोत केन्द्रका रूपमा विकसित हुँदै आएको छ । केन्द्रको व्यवस्थापन राम्रोसँग गर्न हामीलाई देशका विभिन्न ठाउँका राम्रा अध्ययन केन्द्र र विद्यालयहरूको अवलोकन भ्रमण गराइयो । अभिमूखीकरण गोष्ठी र तालिम सञ्चालन गरी प्रभावकारी तरिकाबाट अध्ययन केन्द्र सञ्चालन होस् भन्ने आरआरएनको लक्ष्यअनुसार काम गर्न अध्ययन केन्द्र पनि लागि परेको व्यहोरा अवगत गराउन चाहन्छु । सामुदायिक अध्ययन केन्द्रको भवन निर्माण गर्न आरआरएनले रु. दुई लाख बराबरको सहयोग गरेको छ भने त्यसबाट प्रभावित भएर गाविसले पनि भवन निर्माण गर्न सक्दो सहयोग गरेको छ ।

हाल यो केन्द्र गाविसका विभिन्न समुदायका व्यक्तिहरू भेटघाट गर्ने, कृषि, पशु, सडक, खानेपानी, स्वास्थ्य तथा सामुदायिक विकासका क्रियाकलापको बारेमा विचार विमर्श गर्ने र योजना बनाउने थलोका रूपमा विकास भएको छ । जसबाट सामुदायमा शान्ति र अमनचयन कायम राख्न समेत योगदान पुगेको छ । समग्र विकासमा समावेशी, जात/जाति, भाषा र विपन्न परिवारको मूल प्रवाहिकरण गर्ने जस्ता विषयमा छलफल तथा निर्णयहरू गर्ने थलो बन्दै गएको छ । सूचना तथा संचार अनि विश्वव्यापीकरणको प्रभाव र त्यसबाट फाइदा लिने कामहरू इन्टरनेट प्रविधिले हाम्रै गाउँमा ल्याइदिएको छ । यसका लागि आरआरएनलाई धन्यवाद दिन चाहन्छौं । यसलाई गैरीमुदी गाविसको साझा चौतारीका रूपमा विकास गरी गुणस्तरीय शिक्षा, शान्ति, सहकारीको माध्यमबाट विपन्न परिवारको आयआर्जन, सबैका लागि गुणस्तर शिक्षा, बाल तथा युवा क्लबहरूको परिचालन गरी समुदायलाई सशक्तिकरण गर्दै आएको छ ।

# गुणस्तरीय शिक्षा: प्रतिबिम्बमा तेर्से माध्यमिक विद्यालय



–रामप्रसाद दुलाल
(गणित शिक्षक)
श्री तेर्से माध्यमिक विद्यालय, सिन्धुपाल्चोक

सुन्दर सपनाले समाजको निर्माण गर्दछ । स्वच्छ मनले पवित्र कर्मको थालनी गर्दछ । समाजलाई गतिशीलता प्रदान गर्न विभिन्न निकायहरू सक्रिय छन् । विभिन्न उद्देश्यहरूलाई शिरोधार्य गर्दै र हरेक निकायले आ-आफ्नै मान र प्रतिष्ठा स्थापित गरेका छन् । विभिन्न सरकारी तथा गैह्रसरकारी संघ संस्थाहरूको सक्रिय चलायमानले समाजका कमजोर वर्गहरू लाभान्वित हुने गर्दछन् र सबै निकायहरू यसै उद्देश्यमा केन्द्रित हुनुपर्छ । नेपालको परिपेक्षमा गैह्रसरकारी संस्थाहरू हजारौं स्थापित भएका छन् । करोडौं रकम सरकारी र गैरसरकारी निकायमार्फत् विभिन्न जिल्लामा खर्च भइनै रहेको पाइन्छ । त्यसरी खर्च गर्ने रकमको प्रक्रिया र पारदर्शिताका सवाल भने निकै पेचिलो बन्ने गरेको पनि छ ।

यस आलेखमा मैले अध्यापन गर्दै आएको एक ग्रामीण विद्यालयमा शिक्षासम्बन्धी संचालित एउटा कार्यक्रमले पुऱ्याएको सहयोगलाई विद्यालय समुदायले कसरी सदुपयोग गर्न सकेको छ र गुणस्तरीय शिक्षा अभिवृद्धिमा व्यवहारमा आउने परिवर्तनका पाटाहरूमा केन्द्रीत गर्न चाहन्छु । नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)को सहकार्यमा चाइल्ड नेपालले लगभग २ वर्ष अघिदेखि सीमान्तकृत बालबालिकाका लागि शिक्षा कार्यक्रमले सिन्धुपाल्चोक जिल्लाको तेस्रे मा.वि.मा पनि कार्यक्रम संचालनमा ल्यायो । कार्यक्रमले गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक संघ र बाल क्लबहरूको परिचालन गर्दै विद्यालयमा बालविकास, बालमैत्री तथा बालकेन्द्रीत शिक्षक तालिम, गुणस्तरीय शिक्षण सिकाई र शैक्षिक सामग्रीहरूको सहयोग लगायतका क्रियाकलापहरूले म भित्र आएको व्यवहारमा परिर्वतन, जागरण, सिर्जनशिलता लगायत विद्यालयले शिक्षामा गुणस्तर सुधार गर्न सकेको बारेमा यहाँ उल्लेख गर्न चाहन्छु ।

यस कार्यक्रमबाट प्राप्त तालिमबाट मलाई प्रभावकारी ढंगले शिक्षणरुपी कर्मक्षेत्रमा डटेर लाग्न प्रेरणा प्रदान गरेको छ । दरिद्ररुपी रोगबाट ग्रसित तमाम अभिभावकहरूको सपना साकार हुने क्रम जारी छ । जसले अबोध बालबालिकालाई विद्यालयसम्म डोऱ्याएको छ । कम्प्यूटरको माउस भनेको सुन्दा घरको मुसो सम्झने विद्यार्थीहरू आज आफ्ना हत्केलाबाट कसर घुमाउन अभ्यस्त छन् । आफ्नो इमेल परिचय समेत बनाउन बञ्चित शिक्षकवर्ग खाली पिरियडमा इन्टरनेटमा सूचनाहरू खोज गरिरहेका हुन्छन् । शैक्षिक सामाग्रीहरूलाई शब्दमा मात्र व्याख्या गर्ने शिक्षकहरू मूर्त सामाग्रीको निर्माणबाट अमूर्त ज्ञानलाई अवधारणात्मक रूपमा स्थापित गर्न जुर्मुराइरहेकाछन् । कालोपाटीबाहेक केही नदेखिने कक्षा कोठाहरू प्रयोगशालाका रूपमा विकसित हुदैछन् । शिक्षकका कठोर र निरङ्कुश व्यवहारबाट ग्रसित विद्यार्थीहरू अब शिक्षकसँग हातेमालो गर्दै गीतिलयमा विषयवस्तु ग्रहण गरिरहेका छन् । आफ्नो पुरानो सोंचलाई त्यागेर शिक्षकहरू आफूलाई वैज्ञानिक रूपमा रुपान्तरण गर्दा आफ्नो पुरानोशैलीप्रति पश्चाताप गरिहेका छन् । बालबालिकालाई आत्मकेन्द्रित बनाई सहभागितात्मक ढङ्गले शिक्षण सिकाईमा तल्लिन बनाउन आजका शिक्षकहरू प्रतिबद्ध छन् । किनभने यी सबै विकासक्रमका पछाडि चाइल्ड नेपालद्वारा संचालित शिक्षा कार्यक्रम नै हो ।

विगत २ वर्षमा चाइल्ड नेपालले यस तेर्से मा.वि. को निम्नानुसारका क्षेत्रमा विशेष सहयोग प्रदान गरेको छ । जसमा बालविकास कक्षा, शिक्षक तालिम, विद्यार्थी छात्रवृत्ति, विज्ञान प्रयोगशाला सामग्री सहयोग, पुस्तकालय सहयोग, बालमैत्री सफ्टवेयर र ३ थान कम्प्यूटर सहयोग र इन्टरनेट जडान आदि ।

### उपलब्धीहरू:

**शिक्षक तालिम :** चाइल्ड नेपालद्वारा विभिन्न चरणमा सहयोगअन्तरगत यस विद्यालयका छ जना शिक्षकहरूले तालिम प्राप्त गरेका छन् । यिनैमध्ये म पनि एक हुँ । म गणित पढाउँछु । सबैले अप्ठ्यारो भन्छन् । म पनि भन्थें । अमूर्त विषयवस्तु कसरी सिकाउने ? यो प्रश्नले पिरोल्थ्यो । तर आज रातोबङ्गला फाउण्डेशनबाट झिकाएका प्रशिक्षक सिलाशा राजभण्डारीबाट प्रशिक्षित हुन पाउँदा आफूलाई भाग्यमानी महसुस गरिराखेको छु । किनकी प्रभावकारी ढङ्गले शिक्षण गर्ने कला मेरो हृदयमा गढेको छ । आज गणितका अमूर्त विषयवस्तुहरूलाई गीति लयमा ढालेर धारणाको विकास गराउन सफल भएको महसुस गरिरहेको छु । तालिमले सीप, उत्साह र प्रेरणा भरिरहेको छ । शिक्षणकला परिष्कृत रूपमा विकास भइरहेको छ । विद्यार्थीहरू उत्साहपूर्वक अध्ययनमा लागेका छन् । यस विद्यालयबाट तालिम लिने शिक्षकहरूमा सकारात्मक प्रभाव परेको र त्यसको प्रतिविम्ब शिक्षण सिकाईमा देखिन थालेको छ । एकजना शिक्षक सचेत हुँदा सयौं विद्यार्थीको

**ज्यामितीय साध्य प्रमाणित गर्ने विधि (कक्षा ८,९ र १० का लागि)**

के हो ? "कथन" हो स्पष्ट सार । पार यसलाई बुझेर कण्ठाग्र ॥
"कथन" अनुसार हो बनाउँ है चित्र । यो कुरालाई राखौं न मनभित्र ॥
त्यो चित्रलाई हो, दिएर नाम । "थाहादिएको" मिलाई लेखौं न ॥
शुरु कथन हो था, दिन्छ ध्यान दिनु । प्रमाणितलाई पछाडि याद गर्नु ॥
प्रमाणित हो के गर्ने बुझौं न । चित्रअन्सार मिलाई लेखौं न ॥
अघि बढौं हो, प्रमाणित गर्नलाई । आधारमानी दिएको तथ्यलाई ॥
अपुग हुन्छ हो, कहिले काँही प्रमाण । अनि गरौं मिलाई रचना ॥
मुख्य अंग हो साध्यको प्रमाण । लागि परौं यहि प्रमाण जुटाउन ॥
तथ्य कारण हो प्रमाणका दुई अंग । तयार गर्ने साध्यको रुपरंग ॥
लेखौं तथ्य हो, सँगसँगै कारण । त्यो दिमागलाई नदिई विश्राम ॥
बुझौं साध्य हो, रहरले पढनलाई । ज्यामितिमा अगाडी बढ्न लाई ॥
सोची सोची हो, ज्यामिति बुझौं ल । नबुझेमा जान्नेलाई सोधौं ल ॥
जाँगर किन्नु हो अल्छिलाई बेचेर । मनन् गर्नु पढाइलाई सोचेर ।
अनि, तिमी हैंसे हो, म गर्छु होष्टे । अनि सबलाई रामसरको नमस्ते ॥

**प्रावि र निमावि तहमा अनुपात र समानुपात पाठ सिकाउँदा गीति माध्यमबाट यसरी सकिन्छ-**

दुईवटा संख्या लिएर । अनुपात बनाउँ सोचेर ॥
एउटालाई अर्कोले भाग गरौं । अनुपात बन्छ याद गरौं ॥
हरमा 0 हुँदैन । यसरी अनुपात बन्दैन ॥
अंशमा 0 लेखे नि । हरमा 0 नलेख्नु ॥
भिन्न हो भनि बुझ्नु । नामाकरण फेर्नु ल ॥
ध्यान र चित्त दिएर । अनुपात राम्ररी पढ्नु ल ॥
a/b भन्ने भिन्नलाई । अनुपात भनि लेख्नलाई ॥
a:b भनी लेखिन्छ । चिन्हलाई is to (:) भनिन्छ ॥

जीवन अचेत हुनबाट बच्दछ । शिक्षण सिकाईको निर्देशक स्वतःस्फूर्त लगावले सम्पूर्ण विद्यालय प्रभावकारी ढङ्गबाट तरङ्गित हुन पुग्दोरहेछ । यसको छनक यस विद्यालयमा देखिन्छ, जसको श्रेय चाइल्ड नेपाल र यससँग सहकार्य गर्ने आरआरएनलाई जान्छ ।

प्रा.वि. तथा नि.मा.वि. तहमा अनुपात र समानुपात पाठ पढाउन सोझै किताबको परिभाषा लेखाउदा विद्यार्थीहरूले बुझ्दैनन् । तर त्यही विषयवस्तुलाई गीति माध्यमबाट यसरी परिभाषित गरेर हामी सिकाउन थालेका छौं । विद्यार्थीहरूले यी गीतहरू कण्ठ पारेका छन् र लय हालेर गाउँन र रमाउन थालेका छन् ।

**विद्यार्थी छात्रवृत्तिः** यस विद्यालयका २४ जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरेको छ । सो छात्रवृत्तिले लाभान्वित विद्यार्थीहरूमा सञ्जीवनीको काम गरेको छ । गरीब र जेहेन्दार विद्यार्थीहरूलाई प्रदान गरिएको सो छात्रवृत्तिले उनीहरूलाई विद्यालयसम्म डोर्‍याउन सफल भएको छ ।

**विज्ञान प्रयोगशाला सामाग्री :** पाठ्यक्रमको प्रमुख विषय भएर पनि यस्तो गहन विषयलाई अध्यापन गराउन विज्ञान प्रयोगशाला नहुँदा सैद्धान्तिक रूपमा विज्ञानलाई अध्ययन अध्यापन गराउन यो विद्यालय विवश थियो । तर थोरै भए पनि यस विद्यालयका विद्यार्थीहरूले विज्ञान प्रयोगशालाका सामाग्रीहरू देख्न छुन पाएका छन् । सिद्धान्तमा पढेका कुराहरूलाई व्यवहारिक रूपमा अवलोकन गर्न पाएका छन् । विज्ञानलाई विज्ञानकै रूपमा अवलोकनयोग्य ढङ्गबाट मूर्त रूपमा धारणा स्थापित बनाउन सफल भएका छन् ।

**पुस्तकालय सहयोगः** पुस्तकालय विद्यालयको अभिन्न अङ्ग हो । यो विना विद्यालयको शोभायमान चरित्र रहन्न । यस विद्यालयमा हाल एउटा सानो पुस्तकालय पनि छ । धेरै पुस्तक नभएपनि झल्को राम्रो देखिन्छ । विद्यार्थीहरूले पुस्तक लगेर अध्ययन गर्न थालेका छन् । कथा, उपन्यास, विषयका पुस्तकहरू र सि.डी. हरू रहेका छन् । यी पुस्तकहरू विद्यार्थीले आफ्नो फुर्सदको समयमा घरमा लगेर पढी फिर्ता गर्ने गर्दछन् ।

**एकजना शिक्षक सचेत हुँदा सयौं विद्यार्थीको जीवन अचेत हुनबाट बच्दछ ।**

**कम्प्यूटरः** कम्प्यूटरको सहयोगले यस विद्यालयको प्राविधिक आयाम थपेको छ । तीनवटा कम्प्यूटरको सहयोग र बालमैत्री सफ्टवेयरले नयाँ वातावरण सिर्जना गरेको छ । शैक्षिक सत्रको सुरुमा कम्प्यूटर विषय अध्यापन हुने सम्भव नै थिएन । तर यस संस्था मार्फत् २०६७ आषाढमा कम्प्यूटर प्रदान गरेपछि विद्यालयमा कम्प्यूटर कक्षाको सुरुवात भयो । यो विद्यालयको लागि ठूलो उपलब्धि हो । विद्यार्थीले छुन नपाएको सामाग्रीमा फोल्डर निर्माण गरी काम गर्न सक्ने भएका छन् । इमेल ठेगाना बनाई प्रयोग गर्न सक्ने भएकाछन् । शिक्षकहरू पनि कम्प्यूटर प्रविधिबाट धेरै टाढा थिए । अहिले इमेल चलाउन र सूचना आदान-प्रदान गर्न सक्ने भएका छन् ।

**निष्कर्षः** शिक्षा कार्यक्रमले विद्यालयमा गरेको सहयोग अवर्णनीय छ । एउटा सानो सहयोगले पनि यस विद्यालयले ठूलो राहत महशुस गरेको छ । यस संस्थासँग आबद्ध रहेका विद्यार्थी शिक्षक कर्मचारीलाई गर्व गर्न लायक बनाएको छ । जुन उद्देश्यले तालिम प्रदान गरियो, त्यसलाई शिक्षक भएर भन्नुपर्दा प्रतिबिम्बको रूपमा विषयवस्तुको द्वारबाट प्रवेश गर्दै कक्षाकोठा र विद्यार्थीको मस्तिष्कसम्म उतार्नेतर्फ हामी तल्लीन छौं ।

# जीविकोपार्जन र शिक्षामा सुधारः

## झुले गाविसमा एकीकृत कार्यक्रमको उदाहरणीय प्रभाव

एकै नाम तर जातीय हिसाबले फरक दुई सीता विक, ३५ र सीता घिसिङ,४० झुले गाविसका महिलाहरूले आफ्नो घरयासी जीवनमा यति चाडो सहजता आउला भन्ने सोचेका थिएनन् । आर्थिक हिसाबले कमजोर परिवारका यी दुईका परिवार संख्या ६ र ५ जनाको छ । कार्यक्रमहरूलाई एकीकृत गर्न सके समुदायमा उल्लेख्य प्रभाव पर्दछ भन्ने उदाहरण बनेको छ, झुले गाविस दोलखामा आरआरएनद्वारा संचालित दुईवटा कार्यक्रमहरू ।

सीता विकको ससुरा अर्काको एक रोपनी जग्गामा बसेर फलामको काम गर्दथे । दुई छोरीकी आमा सीता बिकका श्रीमान् दुई वर्षदेखि बिमारी भएकाले काम गर्न सक्दैनन् । उनले एक छोरीलाई अर्काको घरमा पढाइ दिने सर्तमा काममा राखेकी थिइन् । उनका एक देवरले एसएलसी पास गरेपछि पढ्ने अवसर र काम नपाएकाले मानसिक सन्तुलन बिग्रिएर गाउँमै छन् भने अर्का देवर गाउँमै ज्यालामजुरी गर्दछन् । त्यसैले घर धान्न मुस्किल थियो ।

सासुसहित ५ जनाको परिवारकी सीता घिसिङका दुई छोरा ठूलै भएका छन् । उनीहरू स्थानीय झुले गाविसको जनप्रभात माविमा पढ्दछन् । थोरै जग्गा भएकाले घरखर्च टार्न उनले गाउँमा सानो होटल चलाएकी थिइन् । सो होटलमा उधारो धेरै गएर घाटा लागेको थियो । छोराहरूलाई पढाउँन धौ-धौ परेको थियो ।

२०६७ सालमा जब नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)ले दोलखाको झुले गा.वि.स.मा कार्यक्रम सञ्चालन गरेपछि यी दुई महिला समूहमा आबद्ध भए । दलित, जनजाति तथा विपन्न वर्गका महिला दिदी बहिनीहरूको सशक्तिकरण, बालबालिकाका लागि शिक्षा र जीविकोपार्जनमा सहयोग कार्यक्रम झुलेमा सञ्चालन भएपछि उनीहरूको जीवनमा परिवर्तन आएको छ । "झुले गाविस वडा नं. ९ मा आरआरएनले नमूना महिला समूह गठन गरेको छ भन्ने कुरा थाहा पाएपछि हामी त्यस समूहमा सदस्य बन्यौं, अनि हरेक महिना रु. २० का दरले बचत गर्ने र समूहको बैठकमा पनि भाग लिन थाल्यौं, सुरुमा २० रुपैयाँको जोहो गर्न खुब कठिन बन्यो । छलफलबाट तराकारी खेती र पशुपालनबाट कसरी फाइदा लिन सकिन्छ भन्ने कुरा थाहा भयो", उनीहरू भन्छन् ।

आरआरएनले देशका विभिन्न ठाउँका महिला समूहहरू र सहकारीहरूले व्यवसायिक पशुपालन र तरकारी खेती गरेका स्थानहरूको अवलोकन भ्रमण गरायो । अवलोकन भ्रमणको सिलसिलामा, त्यहाँका महिला दिदी बहिनीले सामुहिक र व्यक्तिगत रूपमा गरेका पशुपालन र तरकारी खेतीले हाम्रो आँखा खोलीदियो । "म होटल व्यवसाय छोडेर तरकारी खेतीतिर लागें" सीता घिसिङ थप्छिन् । "व्यवसायिक तरकारी खेती गर्नका लागि हामीलाई आरआरएनले पूर्ण रूपमा सहयोग गर्‍यो । यसरी तरकारी खेतीबाट मैले सुरुमा रु. पाँच हजार कमाएँ । यसबाट मैले बच्चाहरूको पढाईलाई निरन्तरता दिन सफल भएकी छु", उनी भन्छिन् । "हालै अदुवा खेतीबाट माऊ अदुवा १०५



*सीता घिसिङ बंगुर स्याहार गर्दै (झुले, दोलखा)*

किलोको ६ हजारको अदुवा बेचिसकेको छु भने अर्को पटकको बाट ३० हजार कमाउने लक्ष्य लिएकीछु", घिसिङ भन्छिन् ।

त्यसैगरी सीता बिकले पनि ६० केजी अदुवा निकालिन्, जसबाट उनले ३५ सय कमाइन् । उनीहरूले यससँगै बंगुरपालन गरेका छन् । आरआरएनले दिएका ३/३ वटा बंगुर हुर्काएका छन् । त्यसलाई बढाएर लाने विचार छ उनीहरूको । पहिला तरकारी प्रायः नखाने हाम्रो परिवारमा हाल आएर आफ्नै बारीको तरकारी खाने र बेच्न सक्ने भएका छौं, यसले स्वास्थ्यमा फाईदा पुग्ने कुरा पनि समूहबाट सिक्यौं ।

उनीहरू लगायत समूहका अन्य दिदीबहिनीहरूले पनि बाखापालन व्यवसाय सञ्चालन गरेका छन् भने कसैले अमिस्रो तथा अलैंची खेती गर्न सुरु गरेका छन् । आरआरएनले दिएका तालिममा सहभागी भएपछि आफ्नो नाम भन्न लाज मान्ने दिदी-बहिनीहरू अहिले खुलेर बोल्न सक्ने भएका छन् । "बालबालिकाका लागि शिक्षा कार्यक्रमले दिइको छात्राबृत्तिले गर्दा हाम्रा बालबच्चालाई पढाई लेखाईमा निकै सहज भएको छ ।" उनीहरू भन्छन् । परियोजनाले आर्थिक अवस्थाले कमजोर भएका कारण पढाई छाड्ने बालबालिकाहरूलाई पढ्नको लागि पुनः स्कूलमा भर्ना गरिदिएको छ । गाउँकै स्कूलमा बालकक्षा, पुस्तकालय, छात्रवृत्ति र कम्प्युटर शिक्षा लिन पाएका छन् । सीता बिकले भनिन् "मेरी ठूली छोरीलाई अर्काको घरबाट झिकेर आफैले पढाउन घरसल्लाह भएको छ । दुबै छोरीहरू झुलेकै जनप्रभात मा.वि.मा पढ्छन् । "हामीले के बुझ्यौं भने जुनसुकै पेशा अपनाए पनि त्यसको व्यवसायिक रूपमा मिहेनत आवश्यक हुँदोरहेछ । साना बालबच्चाहरू स्कूल जान मान्दैनथे, अहिले आरआरएनले बच्चाहरूलाई दिएको खेलौना र शिक्षण सिकाई सामग्रीहरूले गर्दा आजभोली बच्चाहरू घरमा बस्न मान्दैनन्" उनीहरूले थपे । गाउँमा महिलाहरूको शसक्तिकरण हुनुका साथै हाम्रा बालबबलिकाहरू स्कुलप्रति आकर्षित भएका छन् ।

*प्रस्तुतिः:**शान्ति खड्का,** कृषि प्राविधिक, आरआरएन, दोलखा*

## सामुदायिक विकास केन्द्रमा कम्प्यूटर प्रशिक्षण सुरु

सिन्धुपाल्चोक जिल्लाको बरुवा गाविसस्थित चण्डिका माविमा रहेको सामुदायिक अध्ययन केन्द्रले गत तीन महिनादेखि कम्प्यूटर प्रशिक्षण सुरु गरेको छ । यस अध्ययन केन्द्रमा कम्प्यूटर प्रशिक्षण लिन आउने विद्यार्थिहरूको चाप बढेको हुँदा पालो पर्खिन महिना लागेको कुरा प्रशिक्षक दावा रेञ्जिन स्याङवो बताउँछन् । अध्ययन केन्द्रबाट तीन जनाले आधारभूत प्रशिक्षण लिइसकेका छन् । छ जनाले हाल आधारभूत प्रशिक्षण लिइरहेका छन् । एक जनाले ग्राफिक्स डिजाइन सिकिरहेका छन् । सामुदायिक अध्यन केन्द्रले यस कार्यक्रमलाई दिगो बनाउन यसैबाट आयआर्जनको प्रक्रिया पनि प्रारम्भ गरेको छ । आधारभूत कक्षाको रु १०००। र ग्राफिक्स डिजाइनको रु ४०००। शुल्क लिई समुदायका युवाहरूलाई तालिम दिने क्रम चलेको छ । आफ्नो गाउँमा कम्प्यूटर प्रशिक्षण लिन पाउँदा युवा विद्यार्थीहरू पनि त्यत्ति नै खुसी छन् । प्रशिक्षार्थी दावा ग्याल्बो लामा आफ्नै गाउँमा कम्प्यूटर सिक्न पाएकोमा यसरी खुशी



व्यक्त गर्छन- "आफ्नो घरको ढिँडो रोटी खाएर, गाई भैसीलाई घाँस पानी गर्दै र आफ्नै आमाबाबुका काखमा बसेर संसार हेर्न अनि संसारका कुरा सिक्न पाइयो । काठमाडौं जान पनि परेन, पैसा पनि बचत भयो, घरै बसेर कम्प्युटर सिक्न पाइयो, योभन्दा हामीलाई अरु के चाहियो ।"

साना हाइड्रोपावरबाट उत्पादन भएको विद्युत सामुदायिक रूपमा वितरण गरिएको यस गाविसमा दिउसो बिजुलीबत्ती नहुँदा विहान ५ बजेदेखि ७ बजेसम्म र बेलुका ५ देखि ७ बजेसम्म दुई समय कम्प्युटर प्रशिक्षण दिने गरिएको छ । आफ्नै गाउँमा बसेर आँफुले सिकेको सीपको सदुपयोग गर्न पाएकामा खुशी व्यक्त गर्छन्- प्रशिक्षक दावा । त्यस्तै अध्ययन केन्द्रका अध्यक्ष ग्याल्बो लामा पनि आगामी दिनमा पनि यस्ता उदारणीय काम गर्न आफू सधैं तत्पर रहने कुरा बताउँछन् ।

आरआरएनसँगको सहकार्य र चाइल्ड नेपालद्वारा बरुवा सामुदायिक अध्ययन केन्द्रको लागि तीन थान कम्प्यूटर, प्रिन्टर, फर्निचर, पुस्तकालयको लागि किताबहरू यसअघि प्रदान गरिएको थियो ।

## चण्डिका वालविकास केन्द्र, बरुवा

कलिला बालबालिकाहरूको विकासको लागि स्थापना गरिएको बालबिकास केन्द्र मध्ये चण्डिका बालबिकास केन्द्र पनि एक हो । यो बालबिकास केन्द्रमा बालबालिकाहरू निकै रमाएर खेल्ने र खेलका माध्यमबाट सिकाई गरिरहेका छन । पहिले पहिले कम बालबालिकाहरू आउने यस बालबिकास केन्द्रमा खेल सामाग्रीहरूको सहयोग गरेपछि बालबालिकाको संख्यामा बृद्धि भएको छ । यहाँ आउने बालबालिकाहरू सरसफाइमा पनि विशेष चासो लिने गरेका छन् । सहयोगी कार्यकर्ताले बालबालिकालाई बालमैत्री शिक्षण विधिमार्फत् सबै शैक्षिक सामग्रीहरूको प्रयोग गराई शिक्षण गरिरहेकी छन् । सहयोगी कार्यकर्ताले काठका बाकस, काठका टुक्रा र वालुवा, गोजी तालिका, खोयाका माला, लप्सीका दाना जस्ता स्थानीय सामग्री समेत निर्माण गरी कक्षा सञ्चालन कार्यतालिका निर्माण गरी तालिममा सिकेको विधि अनुरुप कक्षा सञ्चालन गरिरहेकी छिन् । केन्द्रमा बालबालिका नियमित उपस्थित हुने गर्छन् । यस बालबिकास केन्द्रमा खाजाको ब्यवस्थाभएको हुदा बालबालिकाहरूलाई दिनभरि भोकै बस्नुपनि नर्पने र नियमित खाजा बनाएर घरबाट पठाउनु पनि पाइँदैन । बेला-बेलामा अभिभावकहरू केन्द्रमा आई आफ्ना बालबालिकाहरूको अवस्थाको बारेमा जानकारी लिने गरिरहेका छन् । जिल्ला शिक्षा कार्यालयको सहयोगमा स्थापना गरिएको यस बालविकास केन्द्रमा चाइल्ड नेपालले खेल सामाग्री लगायत खाजा पकाउने भाडा, कार्पेट, बस्ने कुशन लगायत अन्य सहयोग पनि गरेको छ ।

## तालिमपछि आएको परिवर्तन

तालिमले मानिसलाई परिर्वतन गर्छ भन्नेकुरा तालिमपछि शिक्षकहरूमा आएको परिर्वनले पुष्टि गर्दछ । सिन्धुपाल्चोक जिल्लामा कार्यक्रम लागू भएका गाविसका विद्यालयका शिक्षकहरूमा परिवर्तन आएको छ । थाङ्पालधाप उच्च मा.वि. का शिक्षक दिपक चापागाई भन्नुहुन्छ । तालिमपछि हाम्रो विद्यालयमा केही परिवर्तन आएको छ । शिक्षकहरूले पढाउदा पनि बालमैत्री भएर विद्यार्थिहरूसँग घुलमिल भएर पढाउने गरिन्छ जसले गर्दा विद्याथीहरूले आफ्नो मनमा लागेका कुराहरू विना हिच्किचाहट भन्दा रहेछन् । त्यस्तै तेर्से माविमा रामप्रसाद दुलाल भन्छन्- मैले तालिमपछि नयाँ तरिकाले गणित विषय पढाउँदा उनीहरूले सजिलै सिक्न थालेका छन् ।

# परियोजनाका गतिविधिहरू

## शिक्षकका लागि तालिमहरू सम्पन्न



युरोपियन युनियनको सहयोगमा आरआरएनद्धारा संचालित बालबालिकाका लागि शिक्षा परियोजना अन्तर्गत विद्यालयहरूका शिक्षकहरूको लागि दोस्रो चरणको आधारभूत बालकेन्द्रीत, बालमैत्री शिक्षण सिकाइ र सघन शिक्षण सिकाई तालिमहरू दोलखा सम्पन्न भएका छन् । तालिमबाट दोलखा, रामेछाप र सिन्धुपाल्चोकका २७ महिला सहित १८२ जनाले तालिम पाएका थिए ।

## बालकक्षा केन्द्रका सहजकर्ताहरूका लागि तालिम सम्पन्न

शिक्षा परियोजना लागू भएका तीन जिल्लाका सामुदायिक विद्यालयका १५ वटा प्रारम्भिक बालकक्षा केन्द्रका ३० जना महिला सहजकर्ताहरूलाई दोलखाको चरिकोटमा तालिम प्रदान गरिएको छ । हाल तीनै जिल्लामा ५,५ गरी १५ वटा बालकक्षाहरू शिक्षण सामग्री र बाल खेल सामग्रीहरू सहयोग भएर कक्षाहरू संचालन भएका छन् । गतसाल पनि १५ वटा बालकक्षालाई यही प्रकृतिको सहयोग प्रदान गरिएको र हालसम्म सञ्चालनमा रहेका छन् ।



## आयमूलक व्यवसायिक तालिम सञ्चालन

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)को सहयोगमा सिनर्जी एशोसिएट नेपाल, युसेफ नेपाल र जिरी प्राविधिक शिक्षालयबाट सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाका ४१ जना किशोर-किशोरीहरूलाई आयमूलक व्यवसायिक तालिमहरू सञ्चालन गरिएको छ । तालिम गत भदौदेखि मङ्सिरसम्म विभिन्न चरणहरूमा आयोजना गरिएको थियो ।



तालिम हाउस वायरिङ, सिकर्मी, प्लम्बिङ, व्यवसायिक तरकारी खेती, मोटर ड्राइभिङ र ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता जस्ता विषयहरूमा प्रदान गरिएको थियो ।

यसै सन्दर्भमा ३५ दिने *ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता* तालिम प्रविधिक शिक्षालय जिरीमा संचालन भएको थियो, जसमा ६ जना महिलासहित २३ जना सहभागी रहेका थिए ।

बिचैमा पढाई छोडी विद्यालय शिक्षा पूरा नगरेका र हाल विद्यालय उमेर पार गरेका ठूला उमेर समूहका बालबालिकाहरूलाई सीपमूलक तालिम प्रदान गरी स्वरोजगारबाट आत्मनिर्भर बनाउने उद्देश्यले उक्त तालिमको आयोजना गरिएको हो ।

कार्यक्रमको उद्घाटनमा बोल्दै शिक्षालय प्रमुख रामहरी खनालले प्रविधिक जनशक्ति जति उत्पादन गर्‍यो उति समाज परिवर्तन हुने हुँदा तालिम जीवनपयोगी हुने कुरामा जोड दिनु भएको थियो । तालिमको अवधारणा र उद्देश्यबारे आरआरएन रामेछापका संयोजक तेजलाल योञ्जनले प्रष्ट पार्नुभएको थियो ।

## अनौपचारिक शिक्षाका लागि सहजकर्ता तालिम सम्पन्न




विद्यालय बाहिरका बालबालिकाका लागि ६ महिने अनौपचारिक कक्षा (ओएसपी) कक्षा मार्फत विद्यालयमा पुनःभर्ना गराउने उद्धेश्यले दुई जिल्ला सिन्धुपाल्चोक र रामेछापका २१ जना सहजकर्ताहरूलाई परामर्श कक्षा संचालन, शिक्षण विधि र पुनः भर्ना गराउने विषयमा तालिम दिइएको थियो । उक्त तालिम सिन्धुपाल्चोकको मेलम्चीमा आयोजना गरिएको थियो। हाल २१ वटा अनौपचारिक कक्षाहरूमार्फत् विद्यालय बाहिरका बालबालिकाहरूलाई परामर्श कक्षा संचालनमा रहेका छन् ।

## कम्प्यूटर, प्रिन्टर र इन्टरनेट सहयोग




विजुलीको सुविधा नभए पनि सोलार सहयोग पछि रामेछापका डडुवा र गौश्वारा गाविसका २ वटा सामुदायिक अध्ययन केन्दहरूमा ३,३ वटा कम्प्युटर र १,१ थान प्रिन्टर वितरण गरिएको छ भने दोरम्बाको काक्लिङ उमावि र डडुवाको सुर्केदेउराली उमाविका लागि ३,३ वटा र गैरीमुदी र मिग्रेका जनज्योति उमावि र विष्णु माविका लागि २,२ वटा कम्प्युटरहरू प्रदान गरिएको छ । दोलखाका विद्यालयहरूमा इन्टरनेट जडान भइसकेको छ भने रामेछापमा प्राविधिक कठिनाइले हुन सकेको छैन ।

## विद्यालयहरूको सहभागितात्मक मुल्यांकन

तीनै जिल्लाका परियोजना क्षेत्रका विद्यालयहरू, बालकक्षाहरू र सामुदायिक अध्ययन केन्द्रहरूको गाउँ शिक्षा अनुगमन समितिमार्फत् विद्यालय व्यवस्थापन, शिक्षक अभिभावक, बाल क्लब र स्थानीय नागरिक समाज मिलेर परियोजनाको गतिविधि र त्यसको प्रभावकारीता विषयक सहभागितात्म रुपमा लेखाजोखा गर्ने कार्य भएको छ । यसमा आरआरएन र चाइल्ड नेपालका कर्मचारीले सहजकर्ताको भूमिका निभाएका थिए ।

## बालकक्षा बने बालमैत्री



प्रारम्भिक बालविकास सहजकर्ता तालिमबाट आफु निक्कै प्रभावित भएको विचार राख्नुहुन्छ जनप्रभात मा.वि. दोलखाकी सहजकर्ता शर्मिला कार्की ।

शर्मिला कार्कीले यस तालिमले बालबालिकालाई कसरी बालविकास केन्द्रमा नियमित उपस्थित गराउने कसरी बालमैत्री कक्षा सञ्चालन गर्ने बारेमा जानकारी पाएको र यो तालिम बालविकास सहजकर्ताको लागि अति उपयुक्त भएको पाएको कुरा उहाँले व्यक्त गर्नुभयो । स्थानीय स्रोतको प्रयोग गरी बालमैत्री सिकाईको अनुभूति कक्षा कोठाबाटै सुरु हुनुपर्ने कुरा असाध्यै राम्रो लाग्यो, उहाँ भन्नु हुन्छ । बालविकास केन्द्रमा बालशिक्षण विधि बालबालिकाले बुझ्ने र मनन गर्न सक्ने हुनुपर्ने रहेछ । उनीहरूलाई सिकाउने क्रममा आफ्नो विचारले मात्र नभई उनीहरूको बालमनोविज्ञान बुझी सहज र सरल तरीकाले सिकाउँदा बालबालिकाले सजिलै बुझ्ने रहेछन् । साथै आर्थिक अवस्था कमजोर भएका बालविकास केन्द्रहरूमा स्थानीय स्तरमा पाइने सामग्रीहरूको प्रयोग गर्न सकिने र बालबालिकालाई नियमित गर्नको लागि समय तालिका बनाई समय समयमा गरिने क्रियाकलाप अनुसार खेल्ने, उफ्रने, पढ्ने, खाने, सुत्ने जस्ता क्रियाकलाप गर्नाले उनीहरूमा सिर्जनशीलताको विकास हुँदोरहेछ - यसरी उहाँ आफ्नो अनुभव सुनाउनुहुन्छ ।

# शिक्षाको गुणस्तर सुधारको लागि प्रयासहरू सुरु




नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)ले विगत २० महिनादेखि विपन्न तथा गरीब बालबालिकाको लागि शिक्षा कार्यक्रम संचालन गरेपछि शिक्षामा शैक्षिक गुणस्तर सुधार गर्न प्रयास हुंदै आएको छ । संस्थाले संचालन गरेका विभिन्न तालिम तथा अवलोकन भ्रमणबाट देखेका, सिकेका कुराहरू लागु गर्न सहज भएको बताउनु हुन्छ, नारायणी उ.मा.वि. भीरकोटका प्राचार्य यज्ञ ब. खत्री । हाल विद्यालयमा यु आकारको कक्षाकोठा बसाई व्यवस्थापन गर्न सुरुवात, बालमैत्रीपूर्ण कक्षाकोठा व्यवस्थापन गरी कक्षा १ मा अंग्रेजी पाठ्यक्रको सुरुवात भएको छ । White Board को प्रयोग अफिस व्यवस्थापन, खेल मैदान व्यवस्थापन, विद्यालयको रणनीतिक  योजना निर्माण गरी कार्यान्वयन, परीक्षा विश्लेषण, विद्यार्थीहरूको समूह विभाजन गरी प्रार्थनाको लाइन व्यवस्थापन र बालक्लबमार्फत् अतिरिक्त क्रियाकलाप सञ्चालन र विद्यालय सरसफाई अभियानको सुरुवात गरेका छौं, उहाँ बताउनु हुन्छ । राजनीतिक गतिविधिबाट पनि विद्यालयलाई स्वतन्त्र बनाउदै पञ्च वर्षीय योजना बनाई सरोकारवालासँग समन्वयका साथ आउदो ५ वर्षमा नमूना विद्यालयको रूपमा विकास गर्न लागी परेको कुरा सोही विद्यालयका शिक्षक सन्तोष कार्की बताउनु हुन्छ ।

यसैगरी शिक्षकद्वय अमित सेवा नेपाली र विक्रम कार्की पनि बालमैत्री शिक्षणमा लागि परेका छन् । कक्षा कोठामा यु आकार हुने गरी सिट व्यवस्थापन गर्ने, १ बेन्चमा ३ छात्र र ३ छात्राहरू पालैपालो हुने गरी राख्ने, हरेक विषयमा विद्यार्थीले अघिल्लो पाठको १ प्रश्न र उत्तर भन्नुपर्ने, विद्यार्थीले शिक्षकको २ वटा राम्रा र सुधार गर्नुपर्ने पक्ष भन्नुपर्ने र शिक्षकाहरूले पनि स्व:मूल्याङ्कन गर्ने प्रणालीको थालनी गरी बालमैत्री शिक्षणको अभ्यास प्रारम्भ गरिएको कुरा उहाँहरू बताउनु हुन्छ ।

हाल विद्यालय बाल क्लबमा मासिक रूपमा बालबचत कोष, अतिरिक्त क्रियाकलाप, कक्षा कोठाको सरसफाई, विद्यालयको सरसफाई कार्य गर्न थालनी भएको छ समेत उहाँहरू बताउनु हुन्छ । पुस्तकालय स्थापनापश्चात् एक हप्ताको पालोमा विद्यार्थीहरूले पुस्तक घर लगी पढेर फिर्ता गर्ने कार्यको थालनी भएको छ ।

त्यसैगरी श्री अमर उ.मा.वि का प्राचार्य तारा ब. कार्की कार्यक्रमको सहयोगबाट शिक्षामा गुणस्तर सुधार गर्न उर्जा मिलेको कुरा उल्लेख गर्नुहुन्छ । तालिम, अवलोकन भ्रमणबाट सिकेका र देखेका कुराहरू बिस्तारै लागु गर्दैछौं । बालमैत्री कक्षा कोठा व्यवस्थापन र आवश्यक शैक्षिक सामग्रीको व्यवस्था गर्दै विद्यार्थी केन्द्रित विधिबाट बालमैत्री शिक्षण सुरु गरेका छौं, उहाँ थप्नुहुन्छ ।

स्थानीय स्रोत साधनको परिचालनबाट आम्दानी बृद्धि गर्नका लागि जिल्लामै पहिलोपल्ट अलैंची खेतीको सुरुवात गरिएको छ । विद्यालयको ६० रोपनी जग्गा र आसपासको जंगललाई सामुदायिक वन बनाई समूहगत रूपमा व्यापक अलैंची खेती सञ्चालन गर्ने, भविष्यमा जिल्लाकै अलैंची पाठशालाको रूपमा विकास गर्न सरोकारवालाहरूसँग समन्वय गर्ने गरी थालनी गरिएको कुरा उहाँले बताउनु हुन्छ ।

# कथा बाबु-आमा भएका टुहुराहरूको

टोकरपुर गाविस रामेछापका दलित परिवारका दाजुभाई राजेश नेपाली, ११ र दिपक नेपाली, ९ बाबुआमा जिउँदै छँदा टुहुरा हुन पुगे । उनीहरूका बाबुले सौतेनी आमा ल्याए पछि आमाले पनि दोस्रो विवाह गरिन् ।



सौता घरभित्र भित्रिएपछि उनीहरुकी आमा माइत बस्न थालिन् । त्यसपछि यी दुई भाइले सौतेनी आमाबाट त के आफ्नै बाबुबाट समेत माया पाउन सकेनन् । त्यसपछि उनीहरू पनि आमासँगै बस्न मावली गए । उनीहरू मामाघरमै बसेर २,३ कक्षामा पढ्दै थिए । तर पछि आमा पनि टोकरपुरकै एक व्यक्तिसँग पोइला गएपछि उनीहरू मावलीमा पनि हेलाको पात्र बन्न पुगे । त्यसपछि भाईलाई मामाघरमै छाडेर दाजु राजेश नेपाली भक्तपुर इटाभट्टामा काम गर्न थाले । ६ महिनासम्म त्यहाँ काम गर्दा साह्रै गाह्रो भएर कामछाडी फेरि गाउँ फर्किए । तर त्यही बेला उनीहरूका बाबु सौतेनी आमा लिएर काठमाडौं पसेको कुरा थाहा पाए । त्यसैले इँटा भट्टाबाट फर्केपछि मामाघरबाट भाई लिएर आमासँग बस्न सौतेनी बाबुको घर टोकरपुर नै पुगे । त्यहाँ पनि सौतेनी बाबुको कचकचले गर्दा उनीहरू पढ्न छाडी काम गर्नु पर्ने अवस्था भयो । आमाले चाहेर पनि उनीहरूप्रति त्यति माया देखाउन सकिनन् । घरायसी काममा जोतिनु पर्ने कारणले उनीहरूको पढाईले निरन्तरता पाउन सकेन । आफूसँगै पढेका साथीहरू अहिले ६ र ७ कक्षामा पुगेको देख्दा उनीहरूको मन त्यसै पनि कुँडिएको थियो ।

यस्तैमा टोकरपुरका शिक्षक चन्द्रबहादुर थापा मगरले यी दाजुभाईको पीडा थाहा पाए । आरआरएनको अनौपचारिक कक्षामा पढाउन पठाउन बा-आमालाई लगाएर फेरि विद्यालयमा भर्ना गरे । उक्त कक्षामा अभिभावहरूलाई बोलाएर बालबालिकाहरूलाई विद्यालय पुनःभर्ना गराउनेबारे छलफल भयो । हाल उनीहरू टोकरपुर गाविस स्थित जनकल्याण प्राथमिक विद्यालयमा विद्यालय छाडेर बसेका बालबालिकालाई पुनः विद्यालय पढ्न प्रेरित गर्ने कक्षामा पढिरहेका छन् ।

## प्रकाशकीय

युरोपियन यूनियनको आर्थिक सहायतामा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)द्वारा मध्यमाञ्चलका दोलखा, रामेछाप र सिन्धुपाल्चोक जिल्लामा संचालित 'विपन्न गरीब तथा जोखिममा परेका बालबालिकाका लागि शिक्षा पहुँच कार्यक्रम' र यस अन्तर्गत सञ्चालन भएका विभिन्न क्रियाकलापहरूका बारेमा सम्बन्धित सरोकारवालाहरू, सरकारी निकायहरू, गैरसरकारी संघसंस्थाहरू, राजनैतिक दलहरू, सामुदायिक संघ-संस्थाहरू तथा ग्रामीण समुदायमा जानकारी गराउने उद्देश्यले प्रकाशित 'शिक्षा पहुँच' नामक अर्धवार्षिक बुलेटिनको पहिलो अङ्क यहाँहरूको हातमा छ । यस बुलेटिनमार्फत् आरआरएनले दोलखा, रामेछाप र सिन्धुपाल्चोक जिल्लाहरूमा सञ्चालित बालबालिक शिक्षा कार्यक्रम लगायत अन्य सम्बन्धित कार्यक्रमहरूका गतिविधिसम्बन्धी संक्षिप्त समाचारका साथै अन्य उपयोगी र जानकारीमूलक सामग्रीहरू पनि नियमित रूपमा प्रकाशन गर्ने उद्देश्य राखेको छ ।

यस बुलेटिनलाई पठनीय र जानकारीमूलक बनाउनका लागि हामी तपाईहरूबाट निरन्तर सुझाव, सल्लाह र सृजनात्मक आलोचनाको अपेक्षा राख्दछौं । यसका साथै आगामी अङ्कको लागि आफ्ना अमूल्य लेख, रचना तथा सुझावहरू पठाई बुलेटिन प्रकाशनमा सहयोग गरिदिन हुन समेत यहाँहरू सबैमा हार्दिक अनुरोध गर्दछौं ।

बालबालिकाका लागि शिक्षा पहुँच कार्यक्रमका लागि नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) द्वारा प्रकाशित

**सम्पर्क ठेगानाः**

**नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)**

पो.ब.नं. ८१३०, २८८ गैरीधारा, काठमाडौं, नेपाल ।

फोनः ४००४९७६, ४४००४९८५, फ्याक्सः ४००४५०८, ४४४३४९४

इमेलः rrn@rrn.org.np वेबसाइटः www.rrn.org.np